प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

## कोशी प्रदेश, सुनसरी, इनरुवा

---

पत्र संख्या : २०७९/८०
च.नं. ४०२

मितिः २०८०/०१/२९

विषयः छनौट भएका लाभग्राहीहरु अस्वीकृत गरिएको सम्बन्धमा ।

श्री पशुपन्छी तथा मत्स्यस विकास निर्देशनालय,
कोशी प्रदेश, बिराटनगर ।

प्रस्तुत विषयमा आ.व. २०७९/८० को स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना अन्तरगतको आ.व. २०७८/७९ मा स्थापना भएको भैसीको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास निरन्तरता कार्यक्रमको प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन्वयन म्यानुअल २०७७ मा भएका प्रावधानहरु पुरा गरी मिति २०८०/०१/०६ गते प्राविधिक समितिको बैठक बसी लाभग्राहीहरु छनौट गरिएको र छनौट भएका लाभग्राहीहरुलाई भेला गराई कार्यक्रम सम्बन्धी जानकारी, अभिमुखिकरण र कार्ययोजना तयार गरेको र कार्यक्रम कार्यान्वयन गर्ने प्रकृयामा लाभग्राहीमा छनौट नभएका र अन्य स्थानिय व्यक्तिहरुबाट कार्यालय प्रमुख समक्ष आई मौखिक, लिखित, टेलिफोन, मोवाईल मार्फत छनौट प्रकृयामा चित नबुझेको, छनौट भएका लाभग्राहीहरु धैरै जसो एकै परिवार भित्र रहेका, निजहरुले वर्षेनी एकै परिवारका सदस्यहरु नाँउबाट नयाँ नयाँ कृषि/पशु फर्म दर्ता गरी विभिन्न सरकारी निकायबाट पटक पटक अनुदान लिई त्यसको दुरुपयोग भएको भनी उजुरी परेको, कार्यालय प्रमुख लगायत कर्मचारीहरुको मिलोमितो गरी आर्थिक लेनदेन गरी लाभग्राहीहरु छनौट गरेको भनी आरोप लगाई गालीगलोज डर त्रास धम्की दिएको, कार्यक्रम कार्यान्वय गरेमा हामी कर्मचारीहरुको सुरक्षा नहुने जस्ता समेत धम्कीहरु आएको ।

उपरोक्त माथिका उजुरी उपर छानविन गरी आमसरोकारवालाहरुलाई यथार्थ विवरण उपलब्ध गराउनु कार्यालयको दायित्व नै हो तर कार्यालयमा प्रयास जनशक्ति नभएको कारण छानविन गरी पूनः लाभग्राहीहरु छनौट गरी यस आ.व.मा कार्यक्रम कार्यान्वय गर्न नसकिने, उजुरीहरु हुँदा हुँदै र उजुरी उपर छानविन गरी कार्यक्रम कार्यान्वय गर्दा समेत स्थानिय स्तरमा शान्ति सुरक्षामा समेत असर पुग्न सक्ने सम्भावना देखिएको आदि कारणहरु र कार्यालयबाट कार्यक्रम कार्यान्वयन गर्न अथक प्रयास गर्दै गर्दा पनि गर्न नसकेकोले तत्काल कार्यक्रम कार्यान्वय गर्न नसकिने भएकोले प्राविधिक समितिले मिति २०८०/०१/०६ गते बैठकको निर्णयबाट लाभग्राहीहरुको छनौट गरी कार्यालयमा पेश गरेकोमा, परियोजना म्यानुअल २०७७ को दफा ४.२.९.१ को उपदफा (च) बमोजिम मिति २०८०/०१/२५ गते कार्यालयको बैंठकबाट छनौट गरिएका लाभग्राहीहरुको छनौट अस्वीकृत गरिएको र आ.व. २०७९/८० उक्त कार्यक्रम कार्यान्वयन गरिने समय समेत कम भएका कारणले कार्यान्वय नगर्ने निर्णय समेत भएको जानकारीको लागि अनुरोध छ ।

२०८०/१/२९

कुमार सिंह खत्री
निमित्त कार्यालय प्रमुख

**बोधार्थः**
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, बिराटनगर
श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी ।
श्री कोशी गाउँपालिकाको कार्यालय, लौकही, सुनसरी
श्री प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन इकाई,सुनसरी